सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

## बिमालेख हराएको सुचना

सर्लाहीको परवानीपुर देखि लालबन्दी जाने क्रममा मिति २०८२/०९/२० गतेका दिन मेरो बिमा फाइल हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यलय वा 9701093113 मा जानकारी गराइदिनु हुन अनुरोध गर्दछु।

नाम: हेम बहादुर केसी

बिमालेख न. 66180018651

कम्पनीको नाम : एसियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

♦ वर्ष ९ ♦ अंक १२५ ♦ २०८२ साल पुस २४ विहिवार ♦ 8 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## राष्ट्रिय सभा निर्वाचन : मधेशबाट चार सिटका लागि ११ जनाको उम्मेदवारी दर्ता

**खबर दर्पण समाचारदाता**

**पुस २३ गते, बर्दिवास**

मधेश प्रदेशमा अगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनका लागि बुधबार जनकपुरधाममा शान्तिपुर्णरुपमा मनोयन पत्र दर्ता कार्यक्रम सम्पन्न भएको छ।

मधेस प्रदेशबाट रिक्त हुन लागेको राष्ट्रियसभा सदस्यका चार सिटका लागि ११ जनाले उम्मेदवारी दर्ता गराएका छन्। रिक्त सिट अन्य महिला, दलित, अपाङ्गता तथा अल्पसङ्ख्यक र अन्य समूहअन्तर्गतका छन्।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार गठबन्धनकातर्फबाट नेपाली कांग्रेसबाट अल्पसङ्ख्यक समूहमा रञ्जित कर्ण र दलित समूहमा धर्मेन्द्र पासवानले उम्मेदवारी दर्ता गराएका छन्।

त्यसैगरी नेपाली कांग्रेससँगको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट महिलातर्फ महोत्तरीकी रेखा झा तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्त ठाकुरले अन्य समूहबाट उम्मेदवारी दिएका छन्।



यसैबीच, गठबन्धनमा आबद्ध रहेको भनिए पनि जनता समाजवादी पार्टी (जसपा) नेपालले भने अन्य समूहमा महन्थ ठाकुरको उम्मेदवारी बाहेकका तीन सिटमा छुट्टै उम्मेदवारी दर्ता गराएको छ। जसपा नेपालले अल्पसङ्ख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्द्रकला साह र दलिततर्फ चमेली देवी दासलाई उम्मेदवार बनाएको छ।

गठबन्धनबाट नेकपा बाहिरिएपछि लोसपा र जसपा नेपाललाई एक-एक सिट दिने सहमति भएको तर त्यसको कार्यान्वयन नभएकाले अलग उम्मेदवारी दर्ता गर्नुपरेको जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद प्रसाद साहले बताउनुभयो।

यसैगरी, नेपाली कम्युनिष्ट पार्टीले अलग्गै चार सिटमा उम्मेदवारी दर्ता गराएको छ। नेकपाले दलिततर्फ शम्भु पासवान, अन्यतर्फ लक्ष्मण पौडेल, अपाङ्गता तथा अल्पसङ्ख्यकतर्फ रामानन्दप्रसाद र महिलातर्फ समी अग्रवाललाई उम्मेदवार बनाएको निर्वाचन कार्यालयका मुख्य निर्वाचन अधिकृत सुभासबाबु पुरीले जानकारी दिनुभयो।

मधेस प्रदेशमा राष्ट्रियसभा निर्वाचनका मतदातामा १०४ जना प्रदेशसभा सदस्य छन्। त्यसैगरी, २६६ जना स्थानीय तहका प्रमुख तथा उपप्रमुख रहेका छन्।

## धनुषा र महोत्तरीका किसानबाट ६ हजार क्विन्टल बढी धान खरिद

**खबर दर्पण समाचारदाता**

**पुस २३ गते, महेन्द्रनगर**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेश प्रदेश कार्यालय जनकपुरधामले धनुषा र महोत्तरीका किसानबाट हालसम्म छ हजार २७५ क्विन्टल सोना मन्सुली धान खरिद गरेको छ। कार्यालयले गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरेको हो।

हालसम्म छ हजार २७५ क्विन्टल धान खरिद भइसकेको जनाउँदै धनुषा र महोत्तरीका अधिकांश किसानले धान बिक्रीका लागि नाम दर्ता गरएका कार्यालयका वरिष्ठ सहायक जयकिशनप्रसाद चौधरीले जानकारी दिनु भयो। कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको उहाँले बताउनु भयो। धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामा पठाउने व्यवस्था गरेको छ।



कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाका अनुसार कम्पनीको गोदाम नजिक दुई वटा काँटा राखी बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म किसानले ल्याएका धान खरिद भइरहेको छ। हालसम्म धनुषा र महोत्तरीका १६५ जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरि सकेका उहाँले जानकारी दिनु भयो।

धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगर पालिका, क्षिरेश्वरनाथ नगर पालिका तथा महोत्तरीको बलवा नगरपालिकाका बढी रहेका उहाँले बताउनु भयो।


कम्पनीका अनुसार दैनिक पाँचदेखि १५ जना किसानको धान खरिद भइरहेको छ। कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिनु भयो। सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार छ रुपियाँ ३३ पैसा तोकेको छ। धान खरिद अघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयका गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले बताउनु भयो।




जनकपुरधाम -१४, मुजेलिया


सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.



# मधेसमा रास्वपालाई कति छ गाह्रो ?

एसके यादव



रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाह र उज्यालो नेपाल पार्टीसहित कुलमान घिसिङसमेत समाहित भएपछि वैकल्पिक राजनीतिक धार बलियो भएको भन्दै चर्चा सुरु भएको छ ।

विघटित प्रतिनिधि सभामा चौथो राजनीतिक शक्ति रहेको रास्वपाले बालेन शाह र कुलमान घिसिङजस्ता युवा पुस्ताले रुचाएका अनुहारलाई पार्टीमा सामेल गरेसँगै आसन्न निर्वाचनमा पुराना दललाई ठुलो चुनौती हुने आकलन गरिएको छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नयाँ र पुराना राजनीतिक शक्तिबिच ध्रुवीकरण बढेको छ । सहरी क्षेत्रमा राम्रो पकड बनाएको रास्वपाले मधेस प्रदेशमा जनसमर्थन जुटाउन आवश्यक रणनीति तयार पार्दैछ । सोही अनुसार रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीको रूपमा अघि सारेको चर्चासमेत चलिरहेको छ ।

यद्यपि राजनीतिक विश्लेषक चन्द्रकिशोर भने बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दैमा मधेसले त्यति छिटो विश्वास गर्लाजस्तो आफूलाई नलागेको बताउँछन् । मधेसको मुद्दाप्रति रास्वपाको स्पष्ट धारणा नआएको जिकिर गर्दै उनले विगतको चुनावमा समेत मधेस प्रदेशमा रास्वपाको अवस्था निकै कमजोर रहेको स्मरण गराए ।

२०७९ को निर्वाचनमा मधेस प्रदेशमा ३३ लाख ८६ हजार ६२८ मतदाता रहेकोमा रास्वपाले समानुपातिकतर्फ एक लाख सात हजार ८४ मत ल्याएको थियो । प्रत्यक्षतर्फ रास्वपाको मत अझ लज्जास्पद देखिन्छ । सप्तरीका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको रास्वपाले त्यहाँ दुई हजार ७४ मतमात्र पाएको थियो । सप्तरीको क्षेत्र नम्बर ४ मा रास्वपाका उम्मेदवार मो. इरफान आलम १०औं स्थानमा थिए भने क्षेत्र नम्बर १ मा निरजन प्रसाद कुशवाहा र ३ मा प्रमोद कुमार साह नवौं स्थानमा थिए । सप्तरी २ मा बरुण कुमार झाले २८१ मतमात्र पाएको अवस्थामा चौथो स्थानमा सीमित भएका थिए ।

यस्तै, सिरहामा दुई हजार ४५० मत ल्याएको रास्वपाले क्षेत्र नम्बर १ मा रामकुमार यादव छैटौं स्थान, क्षेत्र नम्बर ३ का दीपकुमार साह पाँचौं र क्षेत्र नम्बर ४ का विमल कुमार तिवारी चौथो स्थानमा थिए ।

रास्वपाले धनुषाको चार वटै क्षेत्रमा उम्मेदवारी दिएको थियो । यद्यपि उसले जिल्लाभर दुई हजार १६४ मतमात्र पायो । धनुषा-२मा चनशेखर कुमार यादव २४६ मत ल्याएर आठौं स्थानमा सीमित भएका थिए भने धनुषा-१ र ४ मा क्रमशः धर्मेन्द्रकुमार राय र सञ्जयकुमार यादव पाँचौं स्थानमा सीमित थिए । धनुषा-३ मा रञ्जित पंजियार ४३३ मत ल्याएर छैटौं स्थानमा रहे ।

बालेन शाहको पैतृक गृह जिल्ला रहेको महोत्तरी जिल्लाबाट रास्वपाले जम्मा दुई हजार ४२४ मत ल्याएको थियो । त्यहाँ दुई वटा क्षेत्रमा मात्र रास्वपाले उम्मेदवारी दिएको थियो । महोत्तरी-१ मा खेमकुमारी भुर्तेल दुई हजार ६४ मत ल्याएर पाँचौं स्थानमा सीमित भएकी थिइन् भने क्षेत्र नम्बर २ का पवनकुमार झाले ३६० मतमात्र प्राप्त गरे ।

रास्वपाले सर्लाहीबाट सात हजार ७०४ मत प्राप्त गरेको थियो । त्यहाँ रास्वपाले चार वटै क्षेत्रमा उम्मेदवार उठाएको थियो । क्षेत्र नम्बर १ बाट रामदुलार महतो तीन हजार २५३ मत ल्याएर पाँचौं स्थानमा सीमित भए । क्षेत्र नम्बर २ का जयकरण महतोले ५७९ मत ल्याएर आठौं, क्षेत्र नम्बर ३ बाट पञ्चबहादुर सिङतानले सबभन्दा बढी तीन हजार ५६६ ल्याएर चौथो र क्षेत्र नम्बर ४ बाट धिरजकुमारले ३०६ मत ल्याएर नवौं स्थानमा सीमित भए ।

त्यस्तै, रास्वपाले रौतहटका तीन वटा क्षेत्रमा उम्मेदवारी दिएर तीन हजार ४५ मत प्राप्त गरेको थियो । त्यसमध्ये क्षेत्र नम्बर १ का सूर्यदेव प्रसाद कोइरालाले १६३ मत ल्याएर १० औं स्थानमा पुगेका थिए । क्षेत्र नम्बर ३ मा नवीनप्रसाद चौरसियाले एक हजार ६ मत र क्षेत्र नम्बर ४ मा राजनारायण साहले एक हजार ८७६ मत ल्याएर पाँचौं स्थानमा रहे ।

मधेस प्रदेशका आठ जिल्लामध्ये रास्वपाले सबैभन्दा बढी मत बाराबाट १० हजार ७८२ ल्याएको थियो, जसमध्ये क्षेत्र नम्बर १ मा गणेश धिताल तेस्रो स्थानमा रहँदै तीन हजार ३१९ मत ल्याएका थिए । क्षेत्र नम्बर ३ मा सुरेन्द्र शर्माले तीन हजार ५७९ मत र क्षेत्र नम्बर ४ मा पवन चौधरीले तीन हजार ८८४ मत ल्याएर चौथो स्थानमा सीमित भए ।

रास्वपा सबैभन्दा कमजोर पर्सामा देखिएको छ। गत चुनावमा सो पार्टीले त्यहाँ दुईटा क्षेत्रमा उम्मेदवारी दिएको थियो, जसमा एक हजार ८९४ मत पाएको थियो । क्षेत्र नम्बर २ मा उम्मेदवारी दिएका दीपराज पटेलले ९७१ मत ल्याएर चौथो र क्षेत्र नम्बर ३ मा उम्मेदवारी दिएका अशोक कँडेल ९२३ मत ल्याएर पाँचौं स्थानमा रहे ।

समग्रमा हेर्दा रास्वपा मधेसमा निकै कमजोर देखिएको छ। जेनजी आन्दोलनपछि मधेसमा रास्वपाको केही आकर्षण बढे पनि तात्त्विक फरक नपर्ने राजनीतिक विश्लेषक श्रीमन नारायणले बताए । मधेसमा रास्वपाले कसलाई उम्मेदवार बनाउँछ भन्ने अहिलेसम्म स्पष्ट छैन । सो पार्टीको संगठन पनि खासै देखिएको छैन । यस्तो अवस्थामा चुनावमा कसरी मत आउँछ भन्ने उनको प्रश्न छ । उनले रास्वपाप्रति मधेसी जनताको सोच सकारात्मक नरहेको प्रस्ट पार्दै अपेक्षित सफलता पाउन नसक्ने दाबी गरे ।

शितलहर र चिसोबाट बचौं
- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।
मनरा सिस्वा नगरपालिका कार्यालय
महोत्तरी

शितलहर र चिसोबाट बचौं
- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।
गौशला नगरपालिका कार्यालय
महोत्तरी

शितलहर र चिसोबाट बचौं
- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।
महोत्तरी गाउँपालिका कार्यालय
महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश : कांग्रेसका बहुमत प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा

खबर दर्पण समाचारदाता

**पुस २३ गते, बर्दिवास**

विशेष कि नियमित महाधिवेशनबारे कांग्रेसमा विवाद चर्किएको बेला मधेश प्रदेशका बहुमत महाधिवेशन प्रतिनिधि भने विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । विशेष महाधिवेशनको पक्षमा मधेश प्रदेशका ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेका छन् । उनीहरू पुस २६ गते रात्रिकालीन बसमा काठमाडौं प्रस्थान गर्ने तयारीमा छन् ।

कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको सबै प्रक्रिया अघि बढाएका बेला मधेश प्रदेशमा यसको पक्षमा अझै महाधिवेशन प्रतिनिधि थप्ने अभियानमा थापा-शर्मा समर्थक कसरत गरिरहेका छन् । मधेश प्रदेशका ८ जिल्लामा ८ सय २३ जना महाधिवेशन प्रतिनिधिमध्ये ४ सय १६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेका छन् । हस्ताक्षर थपिने क्रममा रहेको थापा पक्षधर नेताहरूको दाबी छ ।

महामन्त्री थापा पक्षधर मधेश कांग्रेस समितिका उपसभापति वीरेन्द्र सिंहका अनुसार विशेष महाधिवेशनको पक्षमा महाधिवेशन प्रतिनिधि तान्न छलफल र कुराकानी भइरहेको छ । 'विशेष महाधिवेशनमा सहभागी हुन हामी पुस २६ गते काठमाडौं जाँदैछौं,' कांग्रेस मधेश समितिका उपसभापति सिंहले भने,'हस्ताक्षर नगरेका महाधिवेशन प्रतिनिधिलाई पनि काठमाण्डौं जान आग्रह र खबर गरिरहेका छौं । संख्या अझै बढ्ला नै घटदैन ।'

कांग्रेस मधेशका उपसभापति सिंह महाधिवेशन प्रतिनिधि रहेको सर्लाही जिल्लाबाट १ सय ३ जना महाधिवेशन प्रतिनीधिमध्ये ७० जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । पर्सामा एक सय जना महाधिवेशन प्रतिनिधिमा ४० जना विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । महामन्त्री थापा समर्थक नेता सुरेन्द्र चौधरीले विशेष महाधिवेशनको पक्षमा अझै ५-७ जना महाधिवेशन प्रतिनीधि थपिने बताए । तर, पार्टी सभापति शेर बहादुर देउवा पक्षका पर्साका नेता रमेश पाण्डेले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका धेरैजनाले फिर्ता लिइसकेकाले पर्साबाट बढीमा १४-१५ जना मात्र विशेष महाधिवेशनको पक्षमा रहेको दाबी गरे ।

बारामा पनि १ सय ४ जना महाधिवेशन प्रतिनिधिमा ६३ जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहटमा भने १ सय १० जना महाधिवेशन प्रतिनिधिमा २१ जना मात्रले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहट मधेश प्रदेश कांग्रेस समितिका सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादवको गृह जिल्ला हो । यादव भने देउवानिकट हुन् । महोत्तरीमा १ सय ५ जना महाधिवेशन प्रतिनिधिमा ५४ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । महामन्त्री थापानिकट महोत्तरीका नेता पोषण थापाका अनुसार अझै ६ जना महाधिवेशन प्रतिनिधि सम्पर्कमा रहेकाले संख्या बढ्नेछ ।

यस्तै, धनुषामा एक सयजना महाधिवेशन प्रतिनिधिमा २३ जनाले विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । धनुषा देउवानिकट नेता विमलेन्द्र निधिको गृह जिल्ला हो । धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ बाट महाधिवेशन प्रतिनीधि बनेका जीवनाथ चौधरीले आफू पनि विशेष महाधिवेशनको पक्षमा रहेको बताए । 'मलगायत अरु साथीहरु हस्ताक्षर गर्न बाँकी छ । त्यसैले धनुषामा पनि संख्या बढ्नेछ,' चौधरीले भने,'धनुषामा १०-१५ जना महाधिवेशन प्रतिनिधि अझै थपिनेछ ।' उनका अनुसार कांग्रेसमा पुराना र शीर्ष नेताको मनपरी र हैकमवादविरुद्ध आफूहरु नयाँ नेतृत्वका लागि विशेष महाधिवेशनको पक्षधर बनेको हो ।

'कांग्रेसमा सिमिति नेता र उनको परिवारले मात्र अवसर पाउने गरेको छ,' चौधरीले भने,'वर्षौंदेखि पार्टीप्रति समर्पित कार्यकर्ताले अवसर नै पाउँदैन् । नयाँ नेतृत्वले नै कांग्रेसलाई नयाँ दिशा र नीति लिने भएकाले विशेष महाधिवेशन हुनुपर्छ ।' धनुषाबाटै महाधिवेशन प्रतिनिधि रहेका धीरेन्द्रमोहन झाले भदौ २३ गते भएको जेन-जी आन्दोलनको भावना र मर्मअनुसार पनि कांग्रेसमा युवा नेतृत्वको पालो आएको बताए । 'कांग्रेसमा सधैं एउटै मान्छेको शासन कति दिनसम्म चल्ला ? सीमित नेताले नै लामो समयसम्म शासन गरे,' उनले भने,'मधेशका कांग्रेसीले पार्टीमा नेतृत्व परिवर्तनको पक्षमा उभिएको छ ।'




यता, सिरहा जिल्लामा १ सय १ जना महाधिवेशन प्रतिनिधिमध्ये ७६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । सप्तरीमा १ सयजना महाधिवेशन प्रतिनिधिमध्ये ६९ जना विशेष महाधिवेशनको पक्षमा उभिएको सप्तरी कांग्रेसका सचिव सनत मण्डलले जानकारी दिए ।

अघिल्लो महाधिवेशनमा पार्टी सभापति देउवाको गढ रहेको मधेश प्रदेश भने महामन्त्री थापाको बाक्लो दौडधुप र सम्बन्धका कारण उनका पक्षमा बहुमत महाधिवेशन प्रतिनिधि उभिएका हुन् ।-कान्तिपुर

## नगरबासिहरुमा हार्दिक अनुरोध

प्लाष्टिकको प्रयोग नगरौं । वातावरण स्वस्थ्य राखौं ।
- प्लाष्टिक चारसय वर्षसम्म कुहिंदैन ।
- यसले जमिन तथा जल प्रदूषण गर्दछ ।
- प्लाष्टिकका भाडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाँउदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदूषित हुन्छ ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेको झोला प्रयोग गरौं ।

मनोज कुमार साह
नगर प्रमुख
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम धनुषा, मधेश प्रदेश

## मोटर साइकल हरायो

मिति २०८२-०९-१३ गते महोत्तरी जिल्लाको गौशाला नगरपालिका वडा नम्बर १२ बाट घरमै पार्किङ गरिराखेको ठाउँबाट राती करिब २ बजे तपसील अनुसारको विवरण भएको मोटर साइकल चोरी भएको हुँदा फैला पार्नु हुने महानुभावले मेरो मोबाइल नं ९८१६८९७२९० मा सम्पर्क गर्नु हुन वा नजिकै को प्रहरी चौकीमा बुझाइ सहयोग गरिदिनु हुन अनुरोध छ।

तपसील

इन्जिन नं: JA07AVS9CO1581

च्यासिस न : MBLJ AU02159C00168

सवारी नं. म.प्र.०२-०९ प ०८१६

मोडेल : XTREME125R

सवारीको रङ्ग : Black

सवारी धनीको नाम : धिरज यादव

## तपाईको शहर वर्दिवासमा

WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

बलवा नगरपालिका कार्यालय
महोत्तरी

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

एकडारा गाउँपालिका कार्यालय
महोत्तरी

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगोा तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

जलेश्वर नगरपालिका कार्यालय
महोत्तरी

# मन्त्री घिसिङले दिए राजीनामा

खबर दर्पण समाचारदाता

पुस २३ गते, बर्दिवास



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले राजीनामा दिएका छन् ।

भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयसमेत सम्हालेका मन्त्री घिसिङले बुधबार साँझ बालुवाटार पुगेर प्रधानमन्त्री सुशीला कार्कीसमक्ष राजीनामा पत्र बुझाएका हुन् ।

बालुवाटारबाट फर्केपछि ऊर्जा मन्त्रालयमा उनले पत्रकार सम्मेलन गरेर राजीनामा बारे आफ्नो धारणा सार्वजनिक गर्ने छन् ।

चुनाव गराउने 'म्यान्डेट' सहित प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठन भएको नागरिक सरकारका मन्त्रीहरू दलीय र राजनीतिमा सक्रिय भएपछि जनस्तरबाट पटक-पटक प्रश्न उठेपछि स्वयं प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् बैठकमा नामै तोकेर मन्त्रीहरू कुलमान घिसिङ, जगदीश खरेल र बब्लु गुप्तासँग राजीनामा मागेकी थिइन् ।

घिसिङ अनौपचारिक रूपमा उज्यालो नेपाल पार्टीका संरक्षक थिए भने राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकीकरणपछि उनी वरिष्ठ उपसभापति भएका थिए ।

घिसिङ गत भदौ ३० गते मन्त्री नियुक्त भएका थिए ।

# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८२।०९।२४)

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल फर्म संस्था/ |
|---|---|---|---|
| 1 | AM/NCB/WORKS/01/082-083 | Bipann Dalit Pariwar Ka Ghardhuri haru lai Aabas ko Lagi Bhawan Nirman(Dalit Aabas Karyakaram) | 1.KANCHAN-PUSHKAR-ANGLE JOINT VENTURE, JANAKPUR-12,DHANUSHA<br>2.RADIANT-BLUESPHERE JV BARDIBAS- 01, MAHOTTARI, NEPAL |

माथि उल्लेखित ठेक्काको मिति २०८२/०७/०२ मा सूचना प्रकाशन गरि प्रवाधिक तथा आर्थिक प्रस्ताब माग गरिएकोमा माथि उलेखित फर्म/संस्था प्रवाधिक प्रस्ताबमा सफल भएकाले यिनीहरुको आर्थिक प्रस्ताब २०८२/०९/३० गते दिनको २:०० बजे यस कार्यालयमा खोल्ने भएकाले उपस्थितिका लागि सम्वन्धित फर्म/संस्थाहरु लाई सुचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**मठिहानी नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**वर्दिवास नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**पीपरा गाउँपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**भंगहा नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**सम्सी गाउँपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**सोनमा गाउँपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**रामगोपालपुर नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**औरही नगरपालिका कार्यालय**
**महोत्तरी**

### शितलहर र चिसोबाट बचौं

- शितलहरको समयमा चिसोले मानिसको ज्यानै पनि जान सक्छ त्यसैले जाडो यामको लागि न्यानो कपडाको व्यवस्था मिलाउने ।
- शितलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो झालिलो खाने कुराहरु खाऔं ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउँकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

**लोहारपट्टी नगरपालिका कार्यालय**
**महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशक/सम्पादक अजय कुमार साह (९८४४०२५१७४) कार्यकारी सम्पादक विशाल बस्नेत [illegible]
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,